छैटौं अध्याय

६. उपसंहार र निष्कर्ष

६.१. उपसंहार

६.२ निष्कर्ष एवं शोधकार्यको मुख्य प्राप्ति

परिशिष्ट

प्रमुख सन्दर्भ विवरण

छैटौं अध्याय

उपसंहार र निष्कर्ष

६.१. उपसंहार

"नेपाली आञ्चलिक उपन्यासको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन" नामक प्रस्तुत शोध-प्रबन्धमा आञ्चलिक उपन्यासको सैद्धान्तिक स्वरूपको विवेचनाका साथै प्रारम्भदेखि सन् १९६० सम्ममा प्रकाशित भएका एवं आञ्चलिक पृष्ठभूमिमा लेखिएका नेपाली उपन्यासहरूको सर्वेक्षण गरी यसक्रममा देखा परेका पाँचवटा प्रतिनिधिमूलक आञ्चलिक उपन्यासहरूको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन पनि गरिएको छ। यहाँ पूर्ववर्ती पाँचवटा अध्यायहरूमा गरिएका चर्चा, विवेचना, सर्वेक्षण र विश्लेषण कार्यको सारांश प्रस्तुत गरी यस शोध कार्यको मुख्य प्राप्तिलाई पनि निष्कर्षका रूपमा दर्शाइएको छ।

प्रस्तुत शोधप्रबन्धको पहिलो अध्याय शोधकार्यको परिचयका रूपमा रहेको छ। यस अध्यायमा प्रस्तुत शोधप्रबन्धको शीर्षकको परिचय दिएर यस शोधकार्यको समस्याकथन, उद्देश्य, शोधकार्यको सीमाङ्कन, पूर्वकार्यको विवरण, शोध कार्यको औचित्य, सामग्री सङ्कलन विधि, शोध-प्रबन्धको सङ्गठन र अध्याय विभाजन, शोधकार्यको निष्कर्ष र मुख्य प्राप्ति जस्ता सैद्धान्तिक कुराहरूको परिचयात्मक व्याख्या गरिएको छ अनि भावी शोधकर्ताहरूका निम्ति एकाध सुझाउहरू पनि राखिएका छन्।

यस शोधप्रबन्धको दोस्रो अध्यायमा आञ्चलिकताको अर्थ र परिभाषा, आञ्चलिक उपन्यासको परिचिति अनि आञ्चलिक उपन्यासका तत्त्वहरू, परिभाषा एवं मूलभूत विशेषताहरूको विवेचनात्मक चर्चा गरिएको छ। यस अध्यायमा 'अञ्चल' शब्दको व्युत्पत्ति र कोशार्थमाथि प्रकाश पार्दै साहित्यमा 'अञ्चल' शब्दको लाक्षणिक प्रयोग भएको कुरो उल्लेख गरिएको छ अनि आञ्चलिक प्रवृत्तिलाई साहित्यको एउटा स्वतन्त्र प्रवृत्ति मानेर यसको विवेचनात्मक चर्चा पनि गरिएको छ। उपन्यासमा आञ्चलिक प्रवृत्तिलाई अझ स्पष्ट

पार्नका निम्ति 'आञ्चलिकता' (रीजनलिजम्), 'आञ्चलिक संस्पर्श' (रीजनल टच्) र 'स्थानीय रङ्ग' (लोकल कलर) जस्ता पदहरूमाथि प्रकाश पार्न आवश्यक हुनाले यस अध्यायमा (क) आञ्चलिकता र स्थानीय रङ्ग (ख) आञ्चलिकता र आञ्चलिक संस्पर्शलाई बेग्ला-बेग्लै उपशीर्षकमा बाँडेर यिनीहरूको विस्तृत चर्चा गरिएको छ। आञ्चलिक उपन्यासको स्वरूप स्पष्ट पार्न र यस किसिमका उपन्यासहरूको कथा-अञ्चल ग्रामीण क्षेत्र वा शहरी क्षेत्र हुनुपर्छ भन्ने विषयको चर्चा पनि विवेचनीय भएको हुनाले यस अध्यायमा (अ) ग्रामीण र नगर अञ्चल उपशीर्षक अन्तर्गत यसको विस्तृत चर्चा गरिएको छ। यस अध्यायमा उपन्यासका तत्त्वहरू (क) कथावस्तु, (ख) पात्र वा चरित्र-चित्रण, (ग) कथोपकथन वा संवाद, (घ) देश, काल र वातावरण, (ङ) भाषाशैली, (च) उद्देश्य वा जीवन दर्शन आदिको परिचय प्रस्तुत गरिएको छ अनि विभिन्न पूर्वीय र पाश्चात्य विद्वानहरूले प्रस्तुत गरेका आञ्चलिक उपन्यासका परिभाषाको चर्चा र व्याख्या गरी (क) सीमित अञ्चल (ख) अञ्चल विशेषको सर्वाङ्गीण चित्रण (ग) वातावरणको प्रधानता (भौगोलिक-प्राकृतिक परिवेश) (घ) लोक संस्कृति (ङ) स्थानीय रङ्ग (च) यथार्थवादी दृष्टिकोण जस्ता आञ्चलिक उपन्यासका मूलभूत विशेषताहरूको विवेचनात्मक चर्चा गरिएको छ। प्रस्तुत अध्यायमा गरिएको चर्चा र विवेचनाबाट प्राप्त भएका निष्कर्षलाई बुँदाका रूपमा पुछारमा राखिएको छ।

प्रस्तुत शोध-प्रबन्धको तेस्रो अध्याय "नेपाली साहित्यमा आञ्चलिक उपन्यासको प्रारम्भ, परम्परा र विकास तथा उपन्यासमा आञ्चलिकताको प्रयोग"- बारे चर्चा-परिचर्चा गरिएको छ। यस अध्यायमा पाश्चात्य साहित्यमा आञ्चलिक उपन्यासको प्रयोग-परम्परा अन्तर्गत (क) अङ्ग्रेजी आञ्चलिक उपन्यास, (ख) अमेरिकी आञ्चलिक उपन्यास, (ग) रूसी आञ्चलिक उपन्यास र (घ) भारतीय साहित्यमा आञ्चलिक उपन्यासको प्रयोग-परम्परा अन्तर्गत (अ) बङ्ला आञ्चलिक उपन्यास, (आ) हिन्दी आञ्चलिक उपन्यासबारे विशद् चर्चा एवं विवेचना गरिएको छ। यस अध्यायमा नेपाली उपन्यासको विकासको इतिहासलाई (क) प्राथमिक काल, (ख) माध्यमिक काल र (ग) आधुनिक काल अन्तर्गत संक्षिप्त चर्चा गरेर नेपाली साहित्यमा आञ्चलिक उपन्यासको परम्पराबारे विस्तृत विवेचना गरिएको छ। यस अध्यायमा गरिएका चर्चा, विवेचना र विश्लेषणबाट पाइएका निष्कर्षलाई बुँदाका रूपमा अन्त्यमा राखिएको छ।

प्रस्तुत शोधप्रबन्धको चौथो अध्याय 'नेपाली आञ्चलिक उपन्यासहरूको विश्लेषणात्मक अध्ययन' रहेको छ र यस अध्याय अन्तर्गत नेपाली साहित्यमा निर्दिष्ट अञ्चल वा क्षेत्र-विशेषलाई लिएर लेखिएका **खैरिनी घाट, हेलम्बु मेरो गाउँ, घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म** र **ब्रह्मपुत्रका छेउ-छाउ** गरी पाँचवटा प्रतिनिधि आञ्चलिक कृतिहरूलाई (१) वस्तुगत आञ्चलिकताका आधारमा र (२) औपन्यासिक तत्त्वहरूका आधारमा विश्लेषण गरिएको छ। वस्तुगत आञ्चलिकता अन्तर्गत उक्त पाँचवटा आञ्चलिक उपन्यासहरूलाई (क) सीमित अञ्चल र कालावधि (ख) प्राकृतिक एवं भौगोलिक परिवेश (ग) लोक संस्कृति र (घ) यथार्थवादी दृष्टिकोण तथा औपन्यासिक तत्त्वहरू अन्तर्गत (क) कथावस्तु, (ख) पात्र एवं चरित्र-चित्रण, (ग) कथोपकथन वा संवाद, (घ) देश, काल र वातावरण, (ङ) भाषा-शैली र (च) उद्देश्यलाई आधार बनाएर विश्लेषण गरिएको छ तथा विश्लेषणका क्रममा पाइएका अन्य प्रासङ्गिक सन्दर्भहरू एवं उपन्यासको संरचना, कथन पद्धति, नामकरण जस्ता विषयहरूको पनि यथास्थान चर्चा वा उल्लेख गरिएको छ। प्रस्तुत अध्यायमा गरिएका चर्चा विवेचना र विश्लेषणबाट पाइएका निष्कर्षलाई अन्त्यमा बुँदाका रूपमा पुछारमा राखिएको छ।

प्रस्तुत शोधप्रबन्धको पाँचौ अध्याय 'नेपाली आञ्चलिक उपन्यासको मूल्याङ्कन' रहेको छ र यस अन्तर्गत नेपाली साहित्यका पाँचवटा प्रतिनिधि आञ्चलिक उपन्यासहरू **खैरिनीघाट, हेलम्बु मेरो गाउँ, घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म** र **ब्रह्मपुत्रका छेउ-छाउको** मूल्याङ्कन गरिएको छ र यसै अध्यायमा नेपाली आञ्चलिक उपन्यासका दुर्बल पक्ष एवं नेपाली आञ्चलिक उपन्यासको भविष्यबारे चर्चा पनि गरिएको छ।

६.२. शोधकार्यको निष्कर्ष र मुख्य प्राप्तिः

'नेपाली आञ्चलिक उपन्यासको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन' शीर्षकको प्रस्तुत शोधप्रबन्धको आधारभूत निष्कर्ष एवं मुख्य प्राप्तिलाई यहाँ बुँदाका रूपमा प्रस्तुत गरिन्छ :

(१) 'अञ्चल' शब्द संस्कृतको 'अञ्च' धातुमा 'अलच्' प्रत्यय लागेर बनेको हो। साधारणतः यस शब्दले देशको कुनै भाग वा क्षेत्र, सारी वा

पछ्यौराको छेउ, किनारा आदि बुझाए तापनि साहित्यका सन्दर्भमा चाहिँ देश वा पृथ्वीको कुनै भाग, अञ्चल, भेक, इलाका वा क्षेत्र भन्ने बुझिन्छ अनि 'अञ्चल' मा 'इक्' प्रत्यय लागेर बनेको 'आञ्चलिक' शब्दले अञ्चलसँग सम्बन्धित विशेषताहरूलाई बुझाउँछ। साहित्य वा गद्याख्यानका सन्दर्भमा प्रयुक्त आञ्चलिक शब्दद्वारा एउटा विशिष्ट अर्थ व्यञ्जित भएको हुन्छ। आञ्चलिक उपन्यासले कुनै अञ्चल वा जाति-विशेषको जीवनलाई उद्घाटित गर्दछ अथवा आञ्चलिक उपन्यासमा कुनै क्षेत्र वा जाति विशेषको सामाजिक, राजनैतिक, सांस्कृतिक, आर्थिक आदि पक्षको सर्वाङ्गीण चित्रण पाइन्छ।

(२) प्रत्येक देशको भौगोलिक-प्राकृतिक वातावरण, सांस्कृतिक वैभव, जन-जीवनको विशिष्ट परम्परा एवं चिन्तन प्रक्रियामा भिन्नता पाइने हुनाले विभिन्न देशका उपन्यासकारहरूद्वारा लिखित आञ्चलिक उपन्यासमा विविधता पाइन्छ। अङ्ग्रेजी साहित्यमा समृद्ध रहेको 'रीजनल नोभल'-को परम्परा मेरिया एजवर्थले आयरल्याण्डका कृषकहरूको जीवनलाई लिएर लेखेको **क्यासल रेकरेन्ट** (सन् १८००)-बाट शुरू भएको हो। त्यसपछि वाल्टर स्कट, शार्लेट ब्राण्टी, जर्ज इलियट, थमस हार्डी, अर्नाल्ड बनेट, एन्थोनी ट्रोलोप आदि अङ्ग्रेजी उपन्यासकारहरूले आञ्चलिक प्रवृत्तिको प्रयोग र विकासमा महत्त्वपूर्ण योगदान दिएका छन्।

(३) अमेरिकी उपन्यास साहित्यमा 'नोभल अव् द सोयल्' (धरतीको उपन्यास) भनेर उपन्यासको एउटा छुट्टै वर्गलाई स्वीकृति दिइएको पाइन्छ। यस्ता कृतिलाई आञ्चलिकताकै एउटा 'विशेष श्रेणी' मानिएको छ। अठारौं शताब्दीको उत्तरार्धमा अमेरिकी कथा साहित्यमा चलेको 'रीजनलिजम् आन्दोलन्'-को फलस्वरूप देश, काल र वातावरणको प्रधानता स्वीकार गर्ने 'रीजनल नोभल्स' नामक औपन्यासिक परम्पराको शुरूवात भएको पाइन्छ। प्रथम विश्वयुद्धपछि अमेरिकी उपन्यास

साहित्यमा मार्क ट्वेन, विला केथर, विलियम फक्नर आदिले यस प्रवृत्तिलाई विकास गरेका हुन्।

(४) रूसी साहित्यमा यस प्रवृत्तिको प्रारम्भ उन्नाइसौं शताब्दीको उत्तरार्धमा भएको अनि बीसौं शताब्दीको शुरूमा यस प्रवृत्तिले सन्तोषजनक विकास गरेको पाइन्छ। परवर्तीकालमा प्रकाशित भएका मिखाइल शोलोखोभका **एण्ड क्वाइट फ्लोज द डन्** (सन् १९२८) र **डन् फ्लोज होम टू द सी** (सन् १९३३-३८) जस्ता आञ्चलिक उपन्यासहरू विश्वप्रसिद्ध भएका छन्।

(५) भारतीय उपन्यास साहित्यको सन्दर्भमा आञ्चलिक प्रवृत्ति अँगालेर सर्वप्रथम बङ्ला भाषामा उपन्यासहरू लेखिएका छन् अनि बङ्ला साहित्यबाट अन्य भारतीय भाषाका साहित्यमा यस प्रवृत्तिले प्रवेश गरेको पाइन्छ। शैलजानन्द मुखोपाध्याय, ताराशङ्कर बन्दोपाध्याय, मानिक बन्दोपाध्याय, सतीनाथ भादुड़ी, समरेश बासु प्रभृति उपन्यासकारहरूले बङ्ला साहित्यमा आञ्चलिक उपन्यासको परम्परालाई सुदृढ़ बनाएका छन्।

(६) हिन्दी उपन्यास साहित्यमा प्रेमचन्दका यथार्थवादी उपन्यासहरू, वृन्दावनलाल वर्माका ऐतिहासिक उपन्यासहरू तथा नागार्जुन र शिवपूजन सहायका स्थानीय रङ्ग भएका उपन्यासबाट आञ्चलिक उपन्यास लेखन परम्पराको पृष्ठभूमि तयार भएको हो। परवर्तीकालिन फणीश्वरनाथ रेणु, शिवप्रसाद मिश्र, उदय शङ्कर भट्ट, राँगेय राघव, देवेन्द्र सत्यार्थी आदिले भारतका विविध क्षेत्र, अञ्चल, पेशा वा जाति-विशेषलाई लिएर रचना गरेका विविध आयामका आञ्चलिक उपन्यासहरूबाट हिन्दी साहित्यमा आञ्चलिक प्रवृत्तिको विकास तीव्र रूपमा हुन सकेको छ।

(७) नेपाली साहित्यमा आजसम्मको खोज र प्राप्तिका आधारमा शक्तिवल्लभ अर्यालको **महाभारत विराटपर्व**-को नेपाली अनुवाद (सन् १७७०) नै नेपाली आख्यान साहित्यको पहिलो उपलब्धि मानिएको छ। नेपाली उपन्यास साहित्यको प्राथमिक कालका गद्याख्यानहरू धेरजसो संस्कृतबाट अनूदित छन्। माध्यमिक कालमा अरबी-फारसी, उर्दू, बङ्गला, हिन्दी, अङ्ग्रेजी आदि भाषाहरूबाट प्रशस्त आख्यानात्मक रचनाहरू नेपालीमा अनुवाद भएका पाइन्छ भने केही मौलिक उपन्यासहरू पनि लेखिएका छन्। नेपाली उपन्यास साहित्यको आधुनिक कालको शुरूमा **रूपमती** (सन् १९३४, जेष्ठ) र **सुमती** (सन् १९३४, श्रावण) उपन्यासहरूले माध्यमिक कालीन जासूसी-तिलस्मी प्रवृत्तिलाई त्यागेर सामाजिक तथा नैतिकता र आदर्शवादी धरातल ग्रहण गरेको पाइन्छ। त्यसपछि रूपनारायण सिंहको **भ्रमर** (सन् १९३६)-बाट स्वच्छन्दतावाद, लैनसिंह बाङ्देलको **मुलुक बाहिर** (सन् १९४८)-बाट यथार्थवाद, हृदयचन्द्रसिंह प्रधानको **स्वास्नी मान्छे** (सन् १९५४)-बाट प्रगतिवाद, गोविन्द बहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** (सन् १९५९)-बाट मनोवैज्ञानिक लेखन, शङ्कर कोइरालाको **खैरिनी घाट** (सन् १९६१)-बाट आञ्चलिक प्रवृत्ति र पारिजातको **शिरीषको फूल** (सन् १९६५)-बाट विसङ्गतिवाद जस्ता विभिन्न वाद र प्रवृत्तिको परम्परा शुरू भएको हो। अनि यिनै विविधताद्वारा नेपाली उपन्यास लेखनले नयाँ आयाम लिएको र गतिशीलता प्राप्त गर्न सकेको स्पष्ट भएको छ।

(८) नेपाली उपन्यास साहित्यमा स्थानीय रङ्ग प्रयोग भएका, आञ्चलिक संस्पर्श भएका एवं आञ्चलिक पृष्ठभूमिलाई आधार बनाएर लेखिएका एकाधिक उपन्यासहरू पाइन्छन् तर कुनै अञ्चल वा क्षेत्र-विशेषको सर्वाङ्गीण चित्रण-वर्णन गर्ने एवं आञ्चलिक उपन्यासका मूलभूत विशेषताहरू ग्रहण गरेर लेखिएका विशुद्ध आञ्चलिक उपन्यासहरूमध्ये

शङ्कर कोइरालाका **खैरिनी घाट** (सन् १९६१) र **हेलम्बु मेरो गाउँ** (सन् १९७६); ध.च. गोतामेका **घामका पाइलाहरू** (सन् १९७८) र **यहाँदेखि त्यहाँसम्म** (सन् १९८५) अनि लीलबहादुर क्षत्रीको **ब्रह्मपुत्रका छेउ-छाउ** (सन् १९८६)-प्रतिनिधि कृति हुन्।

(९) **खैरिनी घाट** नेपाली साहित्यको पहिलो विशुद्ध आञ्चलिक उपन्यास हो। काठमाडौंदेखि पूर्व दुईनम्बर रामेछाप इलाकामा पर्ने माझीहरूको गाउँ कोथपे उपन्यासको कथाञ्चल बनेको छ अनि उपन्यासमा त्यस क्षेत्र-विशेषको भौगोलिक, सामाजिक, राजनैतिक, आर्थिक पक्षहरूको सर्वाङ्गीण चित्रण भएको छ। **हेलम्बु मेरो गाउँ** उपन्यासमा हेलम्बु क्षेत्रका सेर्पा जातिका सामाजिक, सांस्कृतिक, आर्थिक पक्षको यथार्थ वर्णन छ।

(१०) **घामका पाइलाहरू** नेपालको तराईस्थित वीरगञ्ज शहरलाई अनि **यहाँदेखि त्यहाँसम्म**-मा बारा जिल्ला अन्तर्गत मुर्कीपलिया गाउँ र त्यसको सेरोफेरोलाई उपन्यासको कथाञ्चल बनाइएको छ। **घामका पाइलाहरू** उपन्यासमा सन् १९२० मा स्थापित 'नेपाल गभर्मेन्ट रेल्वे'-ले वीरगञ्ज शहरको यातायात व्यवस्था र त्यहाँको सामाजिक-सांस्कृतिक एवं आर्थिक जीवनमा ल्याएको प्रभाव र परिवर्तनलाई प्रष्टाएको छ भने **यहाँदेखि त्यहाँसम्म**-मा मुर्कीपलिया गाउँ, गडहल गाउँका लगभग सन् १८४६-१९२६ सम्मको अवधिका मूलतः ऐतिहासिक, सामाजिक, सांस्कृतिक, आर्थिक पक्षहरूको यथावत चित्रण-वर्णन भएको पाइन्छ।

(११) **ब्रह्मपुत्रका छेउ-छाउ**-ले भारत देशको असम राज्य अन्तर्गत भएर बग्ने ब्रह्मपुत्र नदीका छेउ-छाउका नेपाली बहुल क्षेत्रलाई उपन्यासको कथाञ्चल बनाएको छ एवं सन् १९३४-४४ देखि सन् १९६९-७०

सम्मको अवधिमा पशुपालन र खेतीपातीलाई प्रमुख व्यवस्था बनाएर बसेका असमेली नेपालीहरूका सामाजिक, राजनैतिक, आर्थिक एवं शैक्षिक परिवेशलाई प्रभावकारी ढङ्गमा प्रस्तुत गर्न सफल भएको छ।

(१२) संरचना एवं आयतनका दृष्टिले **खैरिनी घाट** औपचारिक रूपले खण्ड-अध्याय वा परिच्छेद विभाजन नगरिएको अनि नब्बे पृष्ठ भएको लघु आकारको उपन्यास कृति हो; **हेलम्बु मेरो गाउँ** -चौध खण्डमा विभाजित गरिएको अनि एकसय उन्नाईस पृष्ठ भएको लघु आकारको उपन्यास कृति हो; **घामका पाइलाहरू** -चिह्नद्वारा चौंतीस खण्ड वा परिच्छेद विभाजन गरिएको, दुइसय पचास पृष्ठ भएको मध्यम आकारको उपन्यास कृति हो; **यहाँदेखि त्यहाँसम्म** -अङ्क वा शीर्षक उल्लेख नगरिएको चौंतीस खण्डमा संरचित, चारसय पन्ध्र पृष्ठ भएको बृहत् आकारको उपन्यास कृति हो भने **ब्रह्मपुत्रका छेउ-छाउ** -बाइस खण्डमा विभाजन गरिएको, एक सय त्रिहत्तर पृष्ठ भएको मध्यम आकारको उपन्यास कृति हो।

(१३) यस शोधप्रबन्धमा विश्लेषित पूर्वोक्त पाँचवटा उपन्यास कृतिहरूको कथावस्तु शिथिल एवं विश्रृङ्खलित छ; व्यक्ति पात्रको अपेक्षा वर्गीय पात्र प्रयोग भएको पाइन्छ तथा यिनमा लोक संस्कृतिको चित्रण, स्थानीय भाषा प्रयोग, लेखकको यथार्थवादी दृष्टिकोण एवं देश, काल र वातावरणको सफल अङ्कनद्वारा आञ्चलिकता अझ निखुर ढङ्गमा प्रष्टिएको पाइन्छ। उक्त पाँचवटा आलोच्य उपन्यासका उपन्यासकारहरू तत् तत् अञ्चलका भोक्ता एवं द्रष्टा पनि भएका हुनाले वर्ण्य अञ्चलको अन्तरात्मालाई टिप्न ती सफल भएका छन्।

(१४) पाश्चात्य साहित्यबाट शुरू भएको आञ्चलिक प्रवृत्ति नेपाली

उपन्यास साहित्यमा शङ्कर कोइरालाको **खैरिनी घाट**--बाट भित्रिएको पाइन्छ र त्यसपछिका **हेलम्बु मेरो गाउँ, घामका पाइलाहरू, यहाँदेखि त्यहाँसम्म, ब्रह्मपुत्रका छेउ-छाउ** --प्रभृति उपन्यासहरूले यस प्रवृत्तिलाई अझ विकसित गरी नेपाली उपन्यास परम्परामा नौलो आयाम एवं दिशा प्रदान गरेको पाइन्छ तथा परवर्तीकालीन नेपाली उपन्यास साहित्यमा पूर्वोक्त औपन्यासिक कृतिहरूको दूरव्यापी र गहिरो प्रभाव परेको छ।